# रामग्राम नगरपालिकाको

# क्षमता विकास योजना

## (संस्थागत तथा मानवश्रोत क्षमता)

## (२०७८/७९ देखि २०८०/८१)

## अन्तिम प्रतिवेदन

# रामग्राम नगरपालिका

### नवलपरासी बर्दघाट सुस्ता पश्चिम

### लुम्बिनी प्रदेश

# रामग्राम नगरपालिका

## नवलपरासी बर्दघाट सुस्ता पश्चिम

लुम्बिनी प्रदेश

# योजना तयारी प्राविधिक परामर्स

INLOGOS

## स्वशासन अध्ययन प्रतिष्ठान

काठमाडौं

# विषय सूची

१ परिचय ........ ३

१.१ पृष्ठभूमि ........ ३

१.२ रामग्राम नगरपालिकाको संक्षिप्त परिचय ........ ४

२. क्षमता विकास योजनाको उद्देश्य ........ ५

३. विधि तथा प्रकृयाहरू ........ ५

३.१ बैठक, गोष्ठी तथा छलफलः ........ ६

३.२ सूचना संकलन ........ ६

३.३ सूचना विश्लेषण ........ ७

३.४ मस्यौदा प्रतिवेदन तयारी ........ ७

३.५ मस्यौदा योजना माथि सुझाव संकलन र अन्तिम प्रतिवेदन तयारी ........ ७

३.६ योजना तर्जुमाका सीमा ........ ७

४. अवस्था विष्लेषण ........ ७

५.प्राथमिकताका आधारमा क्षमता विकास गर्नुपर्ने प्रमुख आवश्यकताका क्षेत्र/ विषयहरू ........ ११

६. संस्थागत क्षमता विकास योजना ........ १३

७. मानव संसाधन क्षमता विकास योजना ........ १६

८. कार्यान्वयन रणनीतिहरु ........ २७

९. कार्ययोजना (आ.ब. २०७८/७९) ........ ३०

# १ परिचय

## १.१ पृष्ठभूमि


नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रहरू संविधानलेनै स्पष्ट गरेको छ। तहगत सरकारहरुले संविधान र कानूनको सीमाभित्र रही त्यस्तो अधिकरक्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्ने गरी संघ, प्रदेश तथा स्थानीय तह लाई सहकारीता, समन्वय तथा सहअस्तित्वमा परिचालित हुन निर्देशन गरेको छ । देशको संविधान तथा कानूनको परिधीभित्र रही आफ्नो अधिकारक्षेत्र भित्रको नीति, कानून, मापदण्ड, कार्यक्रम र बजेट, श्रोत साधनको परिचालन र कर्मचारीको व्यवस्थापनको स्वायत्तता तिनै तहका सरकारमा रहेको । यसले निर्वाचित सरकारहरुलाई जवाफदेही वनाउन र जनतालाई सशक्तिकरण हुने अवसर उपलब्ध गराउनुका साथै नागरिक सहभागिता जुटाइ राज्यमाथि नागरिकको स्वामित्ववोध गर्न अनुकुल वातावरण सृजना गरेको छ ।

बि.सं.२०७४ मा स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि पदमा वहाल भैसकेको वर्तमान अवस्थामा सार्वजनिक सेवा प्रवाहका लागि क्रियाशिल निर्वाचित जनप्रतिनिधिहरुले नागरिक प्रति जवाफदेही भै स्थानीय सरकारको आभाष दिने गरी कार्य गर्नुपर्ने भएको छ । साथै नागरीक अपेक्षा अनुसार सुशासनयुक् लोकतान्त्रिक, समावेशीमूलक, जवाफदेही, पारदर्शी, प्रभावकारी स्थानीय शासनको अनुभूति पाउने विश्वास दिलाउने दायित्व पनि निर्वाचित जनप्रतिनिधिमा आएको छ । यसको लागि संस्थागत एवं मानवीय क्षमता सुदृढ हुनु आबश्यक छ । रामग्राम नगरपालिकाले आफ्नो काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तनमा समेत परिवर्तन गर्दै प्रभावकारी र परिणाममुखी नतिजा निकाल्ने प्रयास गरिरहेको छ | यसलाई अझै प्रभावकारी वनाउन आफ्नो संस्थागत र संगठनात्मक क्षमता, मानव संशाधन, भौतिक पूर्वाधार, प्रविधि र सेवा प्रवाह गर्ने क्षमतामा समेत थप सुधार ल्याउन आवश्यक देखिएको छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म नगरपालिकाको संस्थागत क्षमताको दीगो विकास हुँदैन । नगरपालिकाद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, रामग्राम नगरपालिकाले आफ्नो मानव संशाधन, संस्थागत क्षमता र कार्य प्रणालीमा क्रमिक रूपमा सुधार गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी भै कार्य गर्न आवश्यक छ । जनप्रतिनिधिको साथसाथै कर्मचारीतन्त्र समेत

ज्ञान सिपले सुयोग्य हुनु आवश्यक भएको छ । यसै सन्दर्भमा रामग्राम नगरपालिकाले आफ्नो संस्थागत विकास तथा मानव संशाधन विकासका लागि क्षमता विकास योजना निर्माण गरेको छ ।

## १.२ रामग्राम नगरपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेशमा रहेका १२ जिल्लाहरु मध्ये नवलपरासी बर्दघाट सुस्ता पश्चिम पनि एउटा हो । यस जिल्लाका ७ स्थानीय तह मध्यको रामग्राम नगरपालिका एक हो र यो नगरपालिका वि.स. २०५३ चैत्र १४ गतेका दिन स्थापना भएको हो । भगवान् गौतम बुद्धको पवित्र अस्थिधातु रहेको प्राचीन रामग्राम स्तुपका नाममा यस नगरपालिकाको नामाकरण रामग्राम नगरपालिका भनी गरिएको हो । मिति २०७३ साल फाल्गुन २७ गते पुन:संरचना पछि साबिक रामग्राम नगरपालिकाको १३ वडा र साबिक ५ वटा गा.बि.स (अमरौट, सुक्रौली, हकुई, बन्जरिया तथा देवगाव) मिलाई कुल ९३.९१ वर्ग कि.मि. क्षेत्रफल रहने गरि हाल रामग्राम नगरपालिका बनेको छ | यस नगरपालिकाको पूर्वमा सरावल गाउँपालिका, पश्चिममा रुपन्देही जिल्ला, उत्तरमा सुनवल नगरपालिका र दक्षिणमा पाल्हीनन्दन गाउँपालिका रहेका छन् | विक्रम सम्वत् २०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ५९४५५ रहेको थियो, जसमा पुरुष २९१३३ र महिला ३०३२२ रहेको देखिन्छ । यसरी २०५८ को जनसंख्यालाई आधार वर्ष मान्ने हो भने यहाँ प्रतिवर्ष जनसंख्या वृदिद्धर २ प्रतिशत रहेको छ । यहाँ कुल घरधुरी संख्या १०८५५ रहेको छ भने जनघनत्व ८२५ प्रति व.कि.मि रहेको छ । यस नगरपालिकामा कुल १८ वडा रहेका छन् । यस नगरपालिका क्षेत्रमा भएको जनसङ्ख्या बृद्धीको अवस्था आंकलन गर्दा हाल तीव्र रुपमा जनसङ्ख्या बृद्धि भएको छ । सङ्गठन बिस्तार र उच्च दरबन्दीका कारण बढ्ने सञ्चालन खर्च घटाउनु, सेवा प्रवाहमा गुणस्तरियता राख्नु र सार्वजनिक सेवामा सवैको पहुँच स्थापित गर्न सङ्गठन संरचनालाई चुस्त राखिनु अहिलेको आवश्यकता हो ।




**“नगरबासीको सरोकार स्वच्छ, पारदर्शी विकासमुखी स्थानीय सरकार" रामग्राम नगरपालिकाको दिर्घकालिन सोच रहेको छ ।**

## २. क्षमता विकास योजनाको उद्देश्य

नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्नुको उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

- नगरपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट नगरपालिका तथा सहयोगी निकायहरूको कार्यसम्पादन स्तरमा सुधार गर्ने,
- क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनको सुनिश्चित गरि कार्य सम्पादन गर्न सरोकारवालाहरूलाई मार्ग दर्शन गर्ने,
- स्थानीय विकास प्रक्रिया, सेवा एवम् सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रूपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने ।

क्षमता विकास योजना तर्जुमाका क्रममा हासिल गरिने निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्

- संविधान तथा प्रचलित कानुनहरूबाट प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्नका लागि नगरपालिकाको सबल र कमजोर पक्षहरूको पहिचान गर्ने,
- सहभागितात्मक विधि अवलम्बन गरी नगरपालिकालाई प्राप्त अधिकार र जिम्मेवारी दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी, कर्मचारी तथा सहयोगी निकायहरू लगायत स्थानीय विकासका सरोकारवालाहरूको कार्यदक्षता अभिवृद्धिको आवश्यकता पहिचान गर्ने,
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्ने,
- संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रक्रियाका रूपमा सञ्चालन, कार्यान्वयन तथा प्रयोग गर्नका लागि कार्यनीति निर्धारण गर्ने,
- संस्थागत विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी तदनुरूप संस्थागत विकासका कार्यक्रम तय गर्ने ।

## ३. विधि तथा प्रकृयाहरू

रामग्राम नगरपालिकाले सहभागितामूलक विधि अवलम्वन गरी आफ्नो ३ वर्षे क्षमता विकास योजना तयार गरेको छ । यो योजना तयार गर्दा नगरपालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । मुख्य रुपमा स्थानीय तहको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी, संस्थागत संरचना, मानवीय क्षमता, वित्तीय अवस्था र समन्वय, सहकार्य, साझेदारी र विषय क्षेत्रगत सेवा प्रवाह जस्ता विषयहरु समेटिएको यस क्षमता विकास योजना तर्जुमा गर्दा देहायको प्रक्रिया अबलम्बन गरिएको थियोः

### ३.१ बैठक, गोष्ठी तथा छलफलः

नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, विषयगत/शाखा प्रमुखहरु संग योजना तर्जुमाको विधि र प्रकृया निर्धारण गरिएको थियो । योजना तर्जुमा प्रकृयामा समन्वय र सहजीकरण गर्न सहयोग पुर्याउन सम्पर्क व्यक्तिको छनोट गरिएको थियो । साथै नगरपालिकाका विषयगत समितिहरुको सहयोग रहेको थियो । यसै छलफलवाट क्षमता विकास योजना सम्वन्धी अभिमुखिकरण र क्षमता विकास योजना तर्जुमा गोष्ठीका सहभागिहरुको संख्या र प्रतिनिधि निर्धारण गरिएको थियो । सोहि आधारमा नगरस्तरमा १ दिने अभिमूखीकरण तथा क्षमता विकास योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो ।

### ३.२ सूचना संकलन

क्षमता विकास योजना तर्जुमाको लागि देहायको विधिवाट सूचना संकलन गरिएको थियो

(क) उपलव्ध सामग्रीहरुको अध्ययन (Review of Literature)

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, नगरपालिकाले वनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि लगायतका कानुनहरु, स्थानीय नीति, योजना, बजेट तथा कार्यक्रम, स्थानीय गौरवका योजना, नगरपालिकाको प्रगति प्रतिवेदन, अनुगमन तथा समीक्षा प्रतिवेदनहरुको अध्ययन गरि सूचना लिइएको थियो ।

(ख) नगरपालिकाको क्षमता विश्लेषणः

सरोकारवालाहरुको गोष्ठीवाट नगरपालिकाको SWOT (सवल पक्ष, कमजोर पक्ष, अवसर, चुनौती) को विश्लेषण गरिएको थियो । विश्लेषणवाट आएका निचोडहरु क्षमता विकास योजनाका प्रमुख आधारको रुपमा रहेका छन् ।

(ग) लक्षित वर्ग संगको छलफलः

क्षमता विकास योजना तर्जुमा गर्ने क्रममा लक्षित वर्ग संग छलफल गरिएको थियो । यस छलफलमा खासगरी योजनामा समावेश गर्नुपर्ने विषयका वारेमा छलफल भएको थियो । साथै नगरपालिकाको संस्थागत संरचना र क्षमता, मानव संसाधनको उपलव्धता, परिचालन र आवश्यकता, विषय क्षेत्रगत सेवा प्रवाह र जवाफेदेहिता सम्बन्धि विषयमा समेत सेवाग्राहीको धारणा लिइएको थियो । यस छलफलमा पदाधिकारी, कर्मचारी र वडा सचिबहरुको सहभागिता रहेको थियो ।

(घ) सूचना फारमको प्रयोगः

निश्चित सूचना फारमको प्रयोग गरि नगरपालिकाका विषयगत शाखा, सरोकारवाला निकाय र कर्मचारीहरु वाट सूचना लिइएको थियो। (सूचना संकलन फाराम अनुसूची =====मा दिइएको छ।

### ३.३ सूचना विश्लेषण

उल्लिखित विधि र माध्यमवाट प्राप्त सूचनाहरुको विश्लेषण गरि योजनामा समावेश गरिएको छ।

### ३.४ मस्यौदा प्रतिवेदन (क्षमता विकास योजनाको मस्यौदा) तयारी

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको मस्यौदा कार्यविधि अनुसारको खाकालाई आधार मानि नगरपालिकाको मस्यौदा क्षमता विकास योजना तयार गरिएको थियो ।

### ३.५ मस्यौदा योजना माथि सुझाव संकलन र अन्तिम प्रतिवेदन तयारी

नगरपालिकाका पदाधिकारी र सम्बन्धित कर्मचारी लगायतका व्यक्तिहरुको सहभागितमा क्षमता विकास योजनाको मस्यौदा प्रस्तुत गरी छलफल गरिएको थियो । छलफवाट प्राप्त सुझावहरुको आधारमा योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको हो।

### ३.६ योजना तर्जुमाका सीमा

कोराना माहामारीका कारण देशैभर निशेधाज्ञा लागु भै हिडडुल र भेला, गोष्ठी, सभा समारोह जस्ता कार्यहरु स्वास्थ्य सुरक्षाका लागी प्रतिबन्ध भएका हुँदा, ठूलो समूहमा अनुशिक्षण गर्न सकिएन । त्यसै गरी सेवा ग्राहीहरु संग नगरपालिकाको सेवा प्रवाहको अवस्था वारे जानकारी लिन सकिएन । जे जति सूचना नगरपालिकाका पदाधिकारी, कर्मचारी, वडा सचिब र जानकारहरु वाट प्राप्त गर्न सकियो त्यसैलाई आधार मानी यो प्रतिबेदन तयार गरिएको छ ।

## ४. अवस्था विष्लेषण

रामग्राम नगरपालिकाको जनसंख्या, भौगोलिक स्थिति प्रत्येक घरधुरीले नगरपालिकाबाट पाउने सेवा प्रवाहलाई मध्यनजर गरी नगरकार्यपालिकाले आफ्नो नीति तथा कार्यक्रम पारित गरि आफ्नो कार्य सम्पादन गर्दै आएको देखिन्छ । यस नगरपालिका अन्तर्गत १८ वटा वडा रहेका छन । यसरी जनसंख्या तथा वडा संख्याको आधारमा वडा कार्यालय तर्फको कार्यवोझ वढी नै रहेको छ । यस नगरपालिका अन्तर्गतका विकास निर्माणका कार्यहरुमा कर्मचारीहरु संलग्न हुनु पर्ने अवस्थाले गर्दा पनि नेपाल सरकारवाट स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरु लाई शाखा अनुसार कुनै शाखाको कार्यवोझ कम तथा कुनै शाखा वा इकाइको कार्यवोझ नपुग्ने स्थिति विद्यमान रहेको छ । धेरै कर्मचारीको दरवन्दी सृजना गर्दा एकतर्फ तलवभत्तामा धेरै

रकम छुट्टाउनु पर्ने अवस्था हुने तथा शाखाको कार्यवोझको आधारमा काम बाँडफाड गरी कर्मचारीहरुको दरवन्दी राख्दा केही वडामा वाहेक अन्यमा कर्मचारीको अभाव खासै नहुने अवस्था हुन जान्छ । तथापी यस नगरपालिकामा संगठन संरचना भन्दा बढी नै कर्मचारीहरु मन्त्रालयबाट समायोजन भई आएको र कतिपय कर्मचारीहरुको आवश्यकता नै महशुस गरिएको छ भने कतिपयको दरवन्दी कायम गर्ने नगर्ने सम्बन्धमा वृहत छलफल गरी कार्य अगाडि बढाउनु पर्ने देखिन्छ ।


| सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| **क. भौतिक स्रोत साधन** | | | |
| नगर कार्यपालिकाको मुख्य कार्यालयमा भौतिक श्रोत साधन सन्तोषजक रहेको र कर्मचारीहरु कामप्रति अभिप्रेरित रहेको | वडा कार्यालयहरुको भौतिक श्रोत साधन व्यवस्थापनमा सुधारका लागि पर्याप्त वजेट विनियोजन नगरिएको | विकास साझेदारहरुवाट सहयोग लिन सकिने | संस्थागत क्षमता विकास र भौतिक पुर्वाधार विकासका लागि वजेट व्यवस्थापन सम्वन्धमा जन प्रतिनिधीहरुको बुझाइमा एकरुपता ल्याई स्पष्ट गर्नु पर्ने |
| **ख. ऐन, नियम, विधि र प्रणाली** | | | |
| एकल अधिकारका क्षेत्रमा आबश्यक कानुनहरु निर्माण भई कार्यान्वयनमा आएको<br><br>एकल अधिकार सम्वन्धी विषयवस्तुहरु संस्थागत रुपमा कार्यान्वयन भएको<br>कानुन तयारीको लागि कर्मचारीवाट सहयोग<br>कानुनहरु वेवसाईट्समा राख्ने गरिएको<br>सभा सञ्चालन प्रकृया कानुन अनुसार नै भएको<br>कार्यपालिकाले वनाएका कानुको निर्माण र सार्वजनिकरण कानुन अनुसार नै हुने गरेका | कानुनहरुको वारेमा सवै जन प्रतिनिधिहरु जानकार नभएको<br>कानुन तयारी सम्वन्धी जनप्रतिनिधीहरुलाई तालिम नभएको<br>कानुनहरु पुनरावलोकन गर्ने नगरिएको<br>कानुनहरुको अभिलेखिकरण व्यवस्थित रुपमा नगरिएको<br>नगर सभा र समिति तथा उप समिति सम्वन्धी कार्यविधीहरु सवै वनिनसकेको | कर्मचारी संगठन र व्यवस्थापन सर्भे अध्ययनको क्रममा रहेको | तयार भएका कानुनहरुको सर्वसाधारणलाई जानकारी र सचेतिकरण<br>साझा अधिकार सम्वन्धी कानुनको विषयमा कानुन तयारी |


| सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| **ग. जनशक्ति व्यवस्था** | | | |
| वडा कार्यालयहरुमा थप जनशक्ति आवश्यक<br>पुरानो नगरपालिका भएको हुनाले अनुभवि जनशक्ति विद्यमान रहेको | सेवा कालिन तालिमको आवश्यक<br>तल्लो श्रेणिका कर्मचारीलाई क्षमता विकास सम्वन्धी अवसर कम<br>क्षमता विकास र जनशक्तिमा लगानी कम | प्रदेश प्रशिक्षण केन्द्रवाट सेवाकालीन तालिम र अन्य क्षमता विकास सम्वन्धी तालिम दिन शुरुवात गरिएको | माथिल्लो पदका कर्मचारीले मात्र तालिम लगायत क्षमता विकास सम्वन्धी अवसर लिने सम्भावना<br>कमजोर आन्तरीक नियन्त्रण प्रणाली |
| **घ. ज्ञान, सीप, दक्षता** | | | |
| समायोजन र स्थानीय सेवा आयोगवाट पुर्ति भएका कर्मचारीमा काम प्रतिको राम्रो लगाव रहेको,<br>कर्मचारी संगठन र व्यवस्थापन सर्भे अध्ययनको क्रममा रहेको<br>स्थानीय तहमा पदपुर्ति नगर्ने भनिएका पदमा करारवाट मात्र पद पुर्ति गर्ने गरिएको | आवश्यक कर्मचारीहरु अझै पनि पुर्ति हुन सकेको छैन<br>सेवाकालीन तालिमको आवश्यकता<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार कार्यपालिकाको क्षमता विकास कार्य हुन नसकेको<br>कर्मचारीहरुको कार्य सम्पादान सम्झौता नगरिएको<br>जनशक्ति विकासमा लगानी नगरिएको (स्थानीय सरकार संचालन ऐन दफा १० अनुसार) | नयां र पुराना कर्मचारी वाट राम्रो काम भएकोले सेवा प्रवाह प्रभावकारी भएको | समायोजन भई आएका कर्मचारी र स्थानीय कर्मचारी विचको दक्षतामा भएको अन्तरले विवाद आउन सक्ने<br>क्षमता विकस कार्यमा पदाधिकारी र कर्मचारीको संलग्नता<br>क्षमता विकास कार्यमा लगानी गर्नु |
| | नयां जन प्रतिनिधीहरुलाई निर्वाचित हुनासाथ तालिम दिनु पर्ने । | | |

| सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| | जनशक्तिको काम, कर्तव्य, जिम्मेवारी र कार्यविरण प्रदान नगरिएको | | |

## स्वमुल्याङ्कन नतिजा

रामग्राम नगरपालिकाले हालसालै सम्पन्न गरेको स्वमुल्याङ्कनका १० वटा विषयवस्तु अन्तर्गत प्राप्त गरेको अंक प्रतिशत ४७.७५ प्रतिशत रहेको छ । शिर्षक अनुसारको विवरण तल प्रस्तुत गरिएको छ ।






नगरपालिका आफैले गरेको स्वमुल्याङनलाई हेर्दा संगठन एवं प्रशासन, भौतिक पुर्वाधार र सामाजिक समावेशिकरण जस्ता क्षेत्र कमजोर रहेको देखिन्छ ।

## ५.प्राथमिकताका आधारमा क्षमता विकास गर्नुपर्ने प्रमुख आवश्यकताका क्षेत्र/ विषयहरू

- विषयगत समितिको सक्रियता वृद्धि गर्ने (विषयगत समिति संचालन कार्यविधि तयारी, विषय क्षेत्रगत (विषयगत शाखा अनुसार) आवधिक योजना तर्जुमा र स्रोत व्यवस्थापन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने ।
- सुचना प्रविधिको विकास (सार्वजनिक सरोकारका विषयहरुवारे आम नागरिकलाई जानकारी दिने (इमेल, इन्टरनेट, वेवसाइटको व्यवस्थापन र सेवा प्रवाहमा मोवाइल एपको प्रयोग गर्ने) ।
- वडा कार्यालयहरुको भौतिक पूर्वाधार विकास
- राजश्व र लेखा सम्वन्धि अलग अलग सफ्टवेयर संचालन गर्ने ।

- विपद् व्यवस्थापन क्षमता विकास (नगरस्तरीय विपद व्यवस्थापन कोष स्थापना र संचालन, कोभिड-१९ लगायत यस्तै प्रकृतिको महामारी नियन्त्रणको लागी संस्थागत, मानवीय क्षमता विकास, नगरपालिकास्तरीय प्रकोप व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन)
- राजश्व सम्भाव्यता अध्ययन र राजश्व सुधार कार्ययोजना तयारी ।
- योजना तर्जुमा (सडक गुरुयोजना, दीर्घकालीन र आवधिक योजना तयारी) ।
- पदाधिकारी तथा कर्मचारीहरुको लागि तालिम तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने ।
- अनुगमन क्षमता विकास (एक करोड भन्दा वढी लागतका योजनाको तेस्रो पक्ष अनुगमन र मूल्याङ्कन गर्ने, संयुक्त अनुगमन पद्धति अवलम्वन गर्ने) ।

## ६. संस्थागत क्षमता विकास योजना

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | चालु | बाह्य |
| **१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | | | | |
| सूचना प्रविधि विकास र इ गभरनेन्स को लागी भौतिक सामग्री व्यवस्थापन | पटक | १ | सुचना प्रविधि शाखा | X | | | ३०० | | | ३०० | X | |
| वडा कार्यालयहरुको भवन लगायत भौतिक पूर्वाधार निर्माण, सुधार तथा विस्तार | पटक | १ | प्राविधिक शाखा | X | X | X | ३००० | ३००० | ३००० | ९००० | X | |
| अभिलेख व्यवस्थापनका लागी छुट्टै इकाई स्थापना | संख्या | १ | हाल: सुचना प्रविधि शाखा | X | | | १०० | | | १०० | X | |
| सेवाग्राहीमैत्री भौतिक पूर्वाधार निर्माण (सेवाग्राही सुचना तथा पर्खाइ कक्ष) | संख्या | १ | सुचना प्रविधि शाखा | X | | | २०० | | | २०० | X | |
| **भौतिक स्रोत साधन संग सम्बन्धित जम्मा बजेटरु** | | | | | | | **३६००** | **३०००** | **३०००** | **९६००** | | |
| **२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | | | | |
| नगरपालिकाको सडक गुरुयोजना तयारी | संख्या | १ | योजना शाखा | X | | | ७०० | | | ७०० | X | X |
| आवधिक नगर विकास योजना निर्माण | संख्या | १ | योजना शाखा | X | | | २००० | | | २००० | X | X |
| विषय क्षेत्रगत रणनीतिक योजना निर्माण | संख्या | ३ | योजना शाखा | | X | | | १००० | | १००० | X | X |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | चालु | बाह्य |
| नगरपालिकाको लैङ्गिक बजेट तथा सामाजिक समावेशीकरण नीति तयारी | संख्या | १ | सामाजिक विकास शाखा/ महिला वालबालिका तथा जेष्ठ नागरिक इकाइ | X | | | ५०० | | | ५०० | X | |
| विषयगत समिति ( संचालन तथा व्यवस्थापन) कार्यविधि तयारी | संख्या | १ | प्रशासन शाखा | X | | | २०० | | | २०० | X | |
| पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता निर्माण | संख्या | १ | प्रशासन शाखा | | X | | | १०० | | १०० | X | |
| अन्तर स्थानीय तह समन्वय तथा सहकार्य कार्यविधि तयारी | संख्या | १ | कार्यपालिका | | X | | | ३०० | | ३०० | X | |
| घरवहाल कर व्यवस्थापन कार्यविधि तयारी | संख्या | १ | कार्यपालिका | X | | | ३०० | | | ३०० | X | |
| उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि तयारी | संख्या | १ | कार्यपालिका | | X | | | २०० | | २०० | X | |
| पूण सरसफाईका लागी मापदण्ड तयारी | संख्या | १ | कार्यपालिका | | X | X | | २०० | २०० | ४०० | X | |
| उत्थानशील स्थानीय समुदायका लागि रणनीति तयारी | संख्या | १ | कार्यपालिका | | X | X | | | ३०० | ३०० | | X |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | चालु | बाह्य |
| बालकल्याण गृह कार्यविधि तयारी | संख्या | १ | कार्यपालिका | | X | | | २०० | | २०० | | X |
| सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि | संख्या | १ | कार्यपालिका | X | | | | २०० | | २०० | | X |
| | | | | | | जम्मा | ३७०० | २२०० | ५०० | ६४०० | | |
| **३ मानव संसाधन प्राप्ति संग सम्वन्धित** | | | | | | | | | | | | |
| न्यायिक समितिमा कानुन बिज्ञको सेवा लिने व्यवस्था | संख्या | १ | न्यायिक समिति | X | X | X | १०० | १०० | १०० | ३०० | X | |
| कम्प्यूटर अपरेटरको ब्यवस्था | संख्या | ८ | वडा कार्यालय | | X | | | ३०० | ३०० | ६०० | X | |
| ग्रामिण कृषि प्रबिधि लाई एक पटकका लागी टुल किट र औषधि सहयोग | संख्या | ४८ | १८ वटा वडा | | X | X | | ४८० | ४८० | ९६० | X | X |
| ग्रामिण पशु प्राबिधिक लाई एक पटकका लागी टुल किट र औषधि सहयोग | संख्या | १ | १८ वटा वडा | | X | X | | ४८० | ४८० | ९६० | X | X |
| कृषि तथा पशु बिमा सहजकर्ता लजिष्टीक्स सहयोग | संख्या | १ | १८ वटा वडा | X | X | X | १६० | १६० | १६० | ४८० | X | X |
| खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ताका लाई एक पटकका लागी औजार सहयोग | संख्या | १ | १८ वटा वडा | X | | | ४०० | | | ४०० | X | X |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | चालु | बाह्य |
| **मानव संशाधन प्राप्तिसँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | ६६० | १५२० | १५२० | ३७०० | | |
| **४.तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित** | | | | | | | | | | | | |
| गुनासो ब्यवस्थापन कार्यविधि तयारी | | | प्रशासन शाखा | X | | | १५० | | | १५० | X | |
| नगरस्तरीय बहुसाझेदार मंच गठन तथा संचालन | संख्या | १ | कार्यपालिका | X | X | X | १०० | १०० | १०० | ३०० | X | X |
| नगरपालिका र विकास साझेदरहरु बिच अन्तरकृया | कार्यक्रम संख्या | ९ | कार्यपालिका | X | X | X | २०० | २०० | २०० | ६०० | X | X |
| **तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान सँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | ४५० | ३०० | ३०० | १०५० | | |
| **कूल जम्मा बजेट (संस्थागत क्षमता विकास) रु** | | | | | | | ८,४१० | ७,०२० | ५,३२० | २०,७५० | | |

## ७. मानव संसाधन क्षमता विकास योजना

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| **१. निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | | |
| स्थानीय शासन सम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन बारे कार्यपालिका र | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन | सहभागी संख्या | २५ | | X | | २०० | | | २०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| वडा समितिका पदाधिकारीहरु लाई प्रशिक्षण | | | | | | | | | | | | |
| न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारी लाई प्रशिक्षण | न्याय सम्पादन मा सहजता र मेलमिलापमा बृद्धि | न्यायिक समितिको प्रभावकारिता वृद्धि | प्र.प्र.अ., प्रशासन | सहभागी संख्या | ५ | | X | | | २०० | | २०० |
| नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे कार्यपालिका सदस्य, कर्मचारी र वडा समितिलाई तालिम | योजना तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याँकन बारे ज्ञान प्राप्त हुँने | योजना चक्र ब्यवस्थापन तथा मुल्याङन प्रणालीमा सुधार | प्र.प्र.अ., योजना शाखा | सहभागी संख्या | ३० | X | X | | ३०० | ३०० | | ६०० |
| शहरी भू–उपयोग नीति बारे कार्यपालिकाका तथा वडाका पदाधिकारी र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण | नीति निर्माण तथा ब्यवस्थित हुँने | नीति कार्यान्वयनमा सहजता | प्र.प्र.अ., योजना शाखा | सहभागी संख्या | २० | | X | | | ३०० | | ३०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| शहरी भवन संहिता बारे कार्यपालिका तथा वडा समिति र कर्मचारीलाइ अभिमुखिकरण | भवन आचार संहिता निर्माण | भवन आचार संहिता व्यवस्थित ढंगबाट कार्यान्वयन हुने | प्र.प्र.अ., प्राविधिक शाखा | सहभागी संख्या | २५ | | X | X | | १५० | १५० | ३०० |
| सामाजिक उत्तरदायित्व र जवाफदेहिताको अवधारणा, औजारहरू र उपयोग सीप बारे पदाधिकारी र कर्मचारीलाई तालिम | उत्तरदायित्वको संबेदनशिलता बढ्ने | सार्वजनिक जवाफदेहितामा सुधार हुने | प्र.प्र.अ., सामाजिक विकास | सहभागी संख्या | २० | | | X | | | ४०० | ४०० |
| लैंगिक समानता र सामाजिक समावेशीकरण बारे कार्यपालिका र वडा समितिका पदाधिकारी लाई प्रशिक्षण | GESI बारे ज्ञान हुने | समाबेसी विकास। | प्र.प्र.अ., सामाजिक शाखा | सहभागी संख्या | २० | X | X | | ३०० | ३०० | | ६०० |
| नेतृत्व सीप, Team Building, द्वन्द व्यवस्थापन बारे जनप्रतिनिधिलाई अभिमुखीकरण | समग्र नेतृत्व तथा कार्य क्षमता बढ्ने | टीम एकता र बिबाद रहित कार्य संचालमा बृद्धि हुने | प्र.प्र.अ., प्रशासन | सहभागी संख्या | २० | X | X | | १५० | १५० | | ३०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| पूर्ण खोप, सरसफाइ, बालविवाह, घटना दर्ता तथा छुवाछुत, भेदभाव, दाइजो, छाउपडी, बोक्सी, जस्ता बिकृति बारे जनप्रतिनिधि, कर्मचारी र टोल विकास संस्थालाई तालिम | स्थानीय परिवेसमा सुधारको ज्ञान प्रप्त हुँने | स्थानीय परिवेसमा सुधार हुने र सामाजिक बिकृति नियन्त्रण हुने | प्र.प्र.अ., सामाजिक शाखा | सहभागी संख्या | ३० | | X | | | ३०० | | ३०० |
| सकारात्मक सोच बारे कार्यपालिका र वडा समितिका पदाधिकारी लाई प्रशिक्षण | नेतृत्व तहमा सकारात्मकता आउँने | सकारात्मक कार्यहरु हुने | प्र.प्र.अ., सामाजिक शाखा | सहभागी संख्या | २५ | | X | | | ३०० | | ३०० |
| अनुगमन, मूल्यांकन, प्रतिवेदन प्रणालि बारे अनुगमन समिति र कर्मचारीलाई प्रशिक्षण | प्रणाली पारे ज्ञान हुने | व्यहारिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्यांकन प्रणालीमा सुधार | प्र.प्र.अ., योजना शाखा | संख्या | २५ | | X | | | ४०० | | ४०० |
| जनसम्पर्क तथा संवाद शैली र सूचना प्रबिधि बारे कार्यपालिका र वडा | क्षमता विकास | सेवामा सरलता आउने | प्र.प्र.अ., प्रशासन | संख्या | २० | X | X | | २०० | २०० | | ४०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| समितिका पदाधिकारी लाई प्रशिक्षण | | | | | | | | | | | | |
| संघ, प्रदेश र स्थानीय तह बिच समन्वय बैठक, अन्तरकृया गोष्ठी | अनुभव आदान प्रदान हुने | सहकार्यको वातावरण | कार्यपालिका | कार्यक्रम संख्या | ९ | X | X | X | ३०० | ३०० | ३०० | ९०० |
| नव निर्वाचित पदाधिकारीहरुको लागि स्थानीय सरकार संचालन ऐन र सुशासन सम्बन्धी तालिम | कार्य जिम्मेवारी र अधिकार वारे जानकारी हुने | सुशासन कायम हुने | कार्यपालिका | संख्या | २ | | X | X | | ५०० | ५०० | १००० |
| **निर्वाचित पदाधिकारीहरूका लागि रु** | | | | | | | | | **१४५०** | **३४००** | **१३५०** | **६२००** |
| **२. समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | | |
| विषयगत समितिको सक्रियताको लागि गोष्ठी | सहभागिताको ज्ञान | समिति सक्रिय रहने | प्र.प्र.अ., योजना शाखा | | १५ | X | X | X | २०० | २०० | २०० | ६०० |
| विषयगत समितिको लागि क्षमता विकास तालिम | क्षमता विकास | प्रभावकारी कार्यान्वयन | प्र.प्र.अ., योजना शाखा | संख्या | ३ | X | X | X | २०० | २०० | २०० | ६०० |
| विकासमा सहभगिता र सूचनाको हक बारे तालिम | जनसहभागिताको ज्ञान | जनसहभागिता जुट्ने | प्र.प्र.अ., योजना शाखा | | ३० | | | X | | | ५०० | ५०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| नगरपालिका भित्रका बिभिन्न बिषयगत समितिहरुलाई उनिहरुको औचित्य र जिम्मेवारी बारे प्रशिक्षण | जिम्मेवारी प्रष्ट हुने | काममा प्रभावकरीता आउने | प्र.प्र.अ., योजना शाखा | | ३० | X | X | | २०० | २०० | | ४०० |
| **जम्मा** | | | | | | | | | **६००** | **६००** | **९००** | **२१००** |
| **कर्मचारीहरुको लागि** | | | | | | | | | | | | |
| स्थानीय शासन सम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन बारे नगरपालिकाका अधिकृत र वडा सचिवहरु लाई प्रशिक्षण | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन | | २५ | | X | X | | ३०० | ३०० | ६०० |
| नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे पदाधिकारी, कर्मचारी तथा वडा सचिवलाई तालिम | ग्रामिण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याँकन बारे ज्ञान प्राप्त हुने | योजना चक्र व्यवस्थापन तथा मुल्याङन प्रणालीमा सुधार | प्र.प्र.अ., योजना शाखा | | २५ | | X | | | ४०० | | ४०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणाली बारे वडा सचिवहरु र नगरपालिकाको प्रशासन र सूचना प्रबिधि शाखाका कर्मचारीलाई प्रशिक्षण | सेवा प्रवाह सहज | सेवामा चुस्तता महशुस गर्ने | प्र.प्र.अ., प्रशासन, सुचना शाखा | | २५ | X | X | | ३०० | ३०० | | ६०० |
| लैंगिक समानता र सामाजिक समावेशीकरण बारे नगरपालिकाका अधिकृत कर्मचारी र वडा सचिवहरु लाई प्रशिक्षण | GESI बारे संबेदनशिलता आउँने | समाबेसी विकास | प्र.प्र.अ., सामाजिक शाखा | | २५ | X | | | ४०० | | | ४०० |
| गुनासो व्यवस्थापन बारे वडा समिति, वडा सचिव र न्यायिक समितिलाई प्रशिक्षण | गुनासो व्यवस्थापन वारे जवानकारी हुने | सहज गुनासो व्यवस्थापन | कार्यपालिका | पटक | २ | X | | X | २०० | २०० | | ४०० |
| दीगो विकास लक्ष्यको स्थानीयकरण तालिम | दीगो विकास लक्ष्य वारे जानकारी हुने | दीगो विकास लक्ष्य प्राप्त गर्न सहज हुने | प्र.प्र.अ., योजना शाखा | पटक | २ | X | X | | ३०० | ३०० | | ६०० |
| बालमैत्री स्थानीय शासन सम्वन्धी तालिम | बालमैत्री अवधारणाको वारेमा जानकारी | बालमैत्री नगर हुने | प्र.प्र.अ., सामाजिक शाखा | संख्या | ५४ | X | X | X | ३०० | ३०० | ३०० | ९०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| | हुने | | | | | | | | | | | |
| सूचना प्रबिधि, अभिलेख व्यवस्थापन र तथा ज्ञान व्यवस्थापन बारे नगरपालिकाका कर्मचारी र वडा सचिवहरु लाई प्रशिक्षण | प्राविधिक ज्ञान हासिल हुने | प्रबिधिमैत्री कार्य प्रणालीको स्थापना | प्र.प्र.अ., सुचना शाखा | | २५ | X | | | ३०० | | | ३०० |
| सुशासन र सकारात्मक सोच बारे नगरपालिकाका कर्मचारी र वडा वडा सचिवहरु लाई तालिम | नेतृत्व तहमा सकारात्मकता आउँने | सकारात्मक कार्यहरु हुँने | प्र.प्र.अ., सामाजिक शाखा | | २५ | X | | | ४०० | | | ४०० |
| लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, बेरूजु फछ्र्यौट बार लेखा शाखाका कर्मचारी र प्र.प्र.अ. लाई प्रशिक्षण | लेखा सम्वन्धी दैनिक कार्यसञ्चालन तथा लेखापरीक्षण ज्ञान | लेखा व्यवस्थापनमा कुसलता र बेरुजु रकम घटाउने | प्र.प्र.अ., लेखा, राजश्व, आन्तरीक लेखा परीक्षक | | १० | X | X | | ३०० | ३०० | | ६०० |
| खरिद नीति र सार्वजनिक खरीद व्यवस्थापन बारे जिन्सी हेर्ने, लेखा हेर्ने कर्मचारी र | खरिदलाई व्यवस्थीत गर्ने | सरकारी सम्पत्तीको व्यवस्थापन र आर्थिक पारदर्शिता | प्र.प्र.अ., प्रशासन लेखा, खरीद | | १० | X | | | २०० | | | २०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| प्र.प्र.अ. र पदाधिकारी लाई तालिम | | | | | | | | | | | | |
| अनुगमन, मूल्यांकन, प्रतिवेदन बारे अनुगमन समिति, कर्मचारी र वडा सचिब लाई प्रशिक्षण | अनुगमन प्रणालीमा सुधार हुने | अनुगमनको विधि र औजार वारे जानकार हुने | प्र.प्र.अ., योजना शाखा | | २५ | X | | | ३०० | ३०० | | ६०० |
| सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह, जनसम्पर्क, संचार तथा संवाद शैली र सूचना प्रबिधि बारे नगरपालिकाका कर्मचारी र वडा सचिब लाई प्रशिक्षण | समन्वय तथा सहकार्यका लागी, सुचना प्रविधि तथा इमेल,इन्टरनेट बारे जान्ने | आपसी समझदारी तथा समन्वय र पारस्पारिक सहअस्तीत्व, सुचना प्रविधिबारे ज्ञान हासिल | प्र.प्र.अ., सुचना शाखा | | २५ | X | | | २०० | | | २०० |
| वडा सचिवहरु लाई कम्प्युटर सफ्टवेर सम्बन्धि तालिम | प्राविधिक ज्ञान हुने | सुचना प्रविधिको प्रयोग वढ्ने | प्र.प्र.अ., सुचना शाखा | | १८ | X | | | ३५० | | | ३५० |
| नयाँ कर्मचारीहरुलाई सेवा प्रवेश तालिम | कार्य जिम्मेवारी थाहा हुने | कर्मचारीको क्षमता वढ्ने | कार्यपालिका | पटक | ३ | X | X | X | २०० | २०० | २०० | ६०० |
| **जम्मा कर्मचारीहरूका लागि रु** | | | | | | | | | **३७५०** | **२६००** | **८००** | **७१५०** |
| **४.सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | | |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | ईकाइ | परिमाण | समयावधि | | | बजेट रु ००० मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| ग्रमिण कृषि प्राबिधिक २१ दिने तालिम | स्थानीय सेवा बजारको विकास | कृषकलाई घरदेलो सेवामा पहुँच | | | १८ | X | | | ५०० | | | ५०० |
| ग्रमिण पशु प्राविधि २१ दिने तालिम | स्थानीय सेवा बजारको विकास | कृषक घरदैलो सेवामा पहुँच | कृषि शाखा | | १८ | X | | | ५०० | | | ५०० |
| कृषि तथा पशु बिमा सहजकर्ता तालिम तालिम | स्थानीय सेवा बजारको विकास | प्रभावकारी बिमा | कृषि शाखा | | १८ | X | | | २०० | | | २०० |
| महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पोषण र बाल स्वास्थ्य बारे प्रशिक्षण | पोषण सुधारका बिबिध उपायहरुको जानकारी हुँने | पोषणको अवस्थामा सुधार हुने | स्वास्थ्य शाखा | | ३० | X | X | X | १५० | १५० | १५० | ४५० |
| बाल क्लव, संजालको लागि क्षमता विकास तालिम | बाल अधिकार वारे जानकारी हुने | बालबालिकाको क्षमता विकार हुने | सामाजिक शाखा | संख्या | ५४ | X | X | X | २०० | २०० | २०० | ६०० |
| जम्मा | | | | | | | | | **१५५०** | **३५०** | **३५०** | **२२५०** |
| **५. साझेदार क्षमता विकास** | | | | | | | | | | | | |
| बिद्यालयका शिक्षकहरुलाई वाल उद्यान स्थापना र वालमैत्री पूर्वाधारको आवश्यकता र उपयोगिता बारे अनुशिक्षण | वाल उद्यान र वालमैत्री पूर्वाधारवारे जानकारी | उद्यान स्थापना र वालमैत्रि पूर्वाधार निर्माण हुने | सामाजिक शाखा | सहभागि संख्या | २५ | | | X | | | ३०० | ३०० |

| **मानव संशाधन विकास क्रियाकलापहरू** | **प्राप्त हुने सिकाइ** | **सेवा प्रवाहमा आउने प्रभावकारिता** | **मुख्य जिम्मेवारी** | **ईकाइ** | **परिमाण** | **समयावधि** | | | **बजेट रु ००० मा** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | **जम्मा** |
| स्थानीय स्वास्थ चौकिका कर्मचारीलाई स्वास्थ्य सेवाको डिजिटल बिधिबाट एकिकृत अभिलेख सम्बन्धि तालिम | डिजिटल प्रबिधिको ज्ञान | सेवा अभिलेख डिजिटल बिधिबाट हुने | सुचना शाखा | सहभागि संख्या | २० | | | X | | | २०० | २०० |
| स्थानीय सहकारीहरु लाई कृषि उद्यमबारे प्रशिक्षण | कृषि उद्यम वारे जानकारी हुने | कृषिमा ब्यवसायिकरण | कृषि, सामाजिक शाखा | सहभागि संख्या | ३० | | X | | | ४०० | | ४०० |
| उपभोक्ता समितिलाई कार्य संचालन सम्बन्धी तालिम | कामका वारेमा जानकारी हुने | गुणस्तरीय कार्य हुने | योजना शाखा | संख्या | २ | | X | X | | २०० | २०० | ४०० |
| टोल विकास संस्था, नागरिक समाज संस्थाको लागि सामाजिक जवाफदेहीताका औजारहरु सम्बन्धी तालिम | सामाजिक जवाफदेहिता वारे जानकारी | जवाफदेहिता अभिवृद्धि | सामाजिक शाखा | संख्या | ३ | | X | X | | ४०० | ४०० | ८०० |
| **जम्मा साझेदारहरुको क्षमता विकास रु** | | | | | | | | | | १००० | ११०० | २१०० |
| **कूल जम्मा मानव संसाधन विकास रु** | | | | | | | | | ७,३५० | ७,९५० | ४,५०० | १९,८०० |

यो क्षमता विकास रणनीति कार्यान्वयनको लागि ३ वर्षमा कूल रु चार करोड पांच लाख पचास हजार लाग्ने अनुमान गरिएको छ। यसमध्ये ५१.१७ प्रतिशत (रु २,०७,५०,०००) संस्थागत विकास र ४८.८३ प्रतिशत (रु १,९८,००,०००) मानव संसाधन विकासमा खर्च हुनेछ । कूल वजेट मध्ये ६०.३८ प्रतिशत नगरपालिकाको स्रोत र बाकिँ ३९.६७ प्रतिशत वाह्य स्रोतको खोजी गरि कार्यान्वयन गर्ने गरी यो क्षमता विकास योजना तर्जुमा गरिएको छ ।वजेट विनियोजनको विवरण तल टेवलमा दिईएको छ ।

**(क) संस्थागत क्षमता विकासको लागि बजेट विनियोजना (रु हजारमा)**

| क्र. स. | संस्थागत क्षमता विकासका क्षेत्र | जम्मा लागत | प्रतिशत | चालु खर्च | वाह्य श्रोत |
|---|---|---|---|---|---|
| १ | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | ९६०० | ४६.२७ | ५७६० | ३८४० |
| २ | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | ६४०० | ३०.८४ | ४१६० | २२४० |
| ३ | मानव संशाधन प्रासिसँग सम्बन्धित | ३७०० | १७.८३ | १६६५ | २०३५ |
| ४ | तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | १०५० | ५.१ | ५७८ | ४७३ |
| | **जम्मा** | **२०७५०** | **१००** | **१२१६३** | **८५८८** |

**(ख) मानव संसाधन विकासको लागि बजेट विनियोजना (रु हजारमा)**

| क्र. स. | मानव संसाधन विकासका क्षेत्र | जम्मा लागत | प्रतिशत | चालु खर्च | वाह्य श्रोत |
|---|---|---|---|---|---|
| १ | निर्वाचित पदाधिकारीहरूका लागि | ६२०० | ३१.३१ | ३७२० | २४८० |
| २ | समिति, उपसमितिहरूका लागि | २१०० | १०.६१ | १२६० | ८४० |
| ३ | कर्मचारीहरूका लागि | ७१५० | ३६.११ | ५३६३ | १७८८ |
| ४ | सेवाग्राही लक्षित क्षमता विकास | २२५० | ११.३६ | १०१३ | १२३८ |
| ५ | साझेदारहरुको क्षमता विकास | २१०० | १०.६१ | ९४५ | ११५५ |
| | **जम्मा** | **१९८००** | **१००** | **१२३००** | **७५००** |

# ८. कार्यान्वयन रणनीतिहरु

यो योजना कार्यान्वयन गर्न देहाए वमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछः

- सहभागितामूलक योजना तर्जुमा र अनुगमन पद्धति लागु गरिनेछ ।
- नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने नीति पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- समाज भित्रको लैङ्गिक विभेद अन्त्य गरि समतामुलक र समन्यायिक समाज निर्माणको नीतिलाई सहि अर्थमा कार्यान्वयन गर्न “छोरी बचाऊ,छोरी पढाऊ” प्रोत्साहन कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ ।
- लैंगिक हिंसा तथा सामाजिक कुरिति विरुद्धको सचेतना कार्यक्रमलाई कार्यान्वयन गर्न “महिलासंग उपमेयर कार्यक्रम” अभियानको रुपमा संचालन गरीनेछ ।
- वहुसाझेदार मंच गठन र संचालन गरिनेछ ।
- न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागि न्यायिक समितिको क्षमता विकास गरिनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरुहरु संचालन गरिनेछ ।
- कार्यपालिका सदस्य, विषयगत समितिका सदस्य, कर्मचारी, नागरीक समाज तथा संघ संस्था को क्षमता विकाश गरिनेछ ।
- कोभिड-१९ वाट प्रभावित विधार्थी, गर्भवति महिला, जेष्ठ नागरिक, अपांगता भएका, डिप्रेसनमा रहेका तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराईनेछ ।
- दैनिक सेवा प्रवाह गर्दा (First come first service) नीति अवलम्वन गरिनेछ ।
- बालमैत्री, आपाङ्गतामैत्री र लैङगीकमैत्री भौतिक संरचना निमार्ण गरिनेछ ।
- प्रत्येक वस्तीमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरण सुधार र हिंसा न्यूनीकरण सम्बन्धी अभिभाबक शिक्षा संचालन गर्ने ।
- नगरपालिकाको पूजीगत बजेटको न्यूनतम् २० प्रतिशत बजेट संस्थागत क्षमता र मानव संसाधन विकासमा लगानी गरिनेछ ।
- भौतिक संरचना निर्माण गर्दा विपद् जोखिम न्यूनीकरणको रणनीत अवलम्वन गरिनेछ, भवन संहिता लागु गरिनेछ ।
- एक वडा एक कृषि/पशु सेवा प्राविधिक को व्यवस्था गरिनेछ ।
- कृषि तथा पशुपालन सम्बन्धी व्यवसायिक उत्पादन गर्ने वा फर्म संचालन गर्ने कृषकलाई विशेष प्रोत्साहन गरिनेछ ।
- करको दायरा र क्षेत्रलाई फराकिलो गरी करदातामैत्री कर प्रणाली लागु गरिनेछ ।

- करदातावाट प्राप्त राजस्व र नगरपालिकावाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन मोवाइल एप्स तयार गरी बिद्युतीय सेवा सन्चालनमा ल्याइनेछ ।

## ९. कार्ययोजना (आ.ब. २०७८/७९)

| क्र.स. | क्रियाकलाप | लक्षित वर्ग/क्षेत्र | समय | जिम्मेवारी | | बजेट रु (०००) | अनुगमन |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यान्वियन | सहयोग | | |
| | **(क) संस्थागत विकास** | | | | | | |
| १ | सूचना प्रविधि विकास र इ गभरनेन्स को लागी भौतिक सामग्री व्यवस्थापन | कार्यपालिका | २०७८ साउन | सूचना प्रविधि शाखा | लेखा, खरिद शाखा | ३०० | चौमासिक |
| २ | वडा कार्यालय भवन लगायत भौतिक पूर्वाधार निर्माण, सुधार तथा विस्तार | वडा कार्यालय | २०७८/७९ | प्राबिधिक शाखा | लेखा, खरिद शाखा | १००० | मासिक |
| ३ | अभिलेख व्यवस्थापनका लागी छुट्टै इकाई स्थापना | कार्यपालिका | २०७८ असोज | कार्यपालिका | प्रशासन शाखा | १०० | चौमासिक |
| ४ | नगरपालिकाको सडक गुरुयोजना तयारी | कार्यपालिका | २०७८ कार्तिक | कार्यपालिका | योजना शाखा | ७०० | मासिक |
| ५ | आवधिक नगर विकास योजना निर्माण | कार्यपालिका | २०७८ असोज | कार्यपालिका | योजना शाखा | २००० | मासिक |
| ६ | नगरपालिकाको समावेशी विकास नीति तयारी | कार्यपालिका | २०७८ पुष | कार्यपालिका | प्रशासन शाखा | ५०० | मासिक |
| ७ | विषयगत समिति (संचालन तथा व्यवस्थापन) कार्यविधि तयारी | कार्यपालिका | २०७८ मंगसिर | कार्यपालिका | प्रशासन शाखा | २०० | चौमासिक |
| ८ | घरवहाल कर व्यवस्थापन कार्यविधि तयारी | कार्यपालिका | २०७८ माघ | कार्यपालिका | प्रशासन शाखा | ३०० | चौमासिक |
| ९ | गुनासो ब्यवस्थापन कार्यविधि तयारी | कार्यपालिका | २०७८ असोज | कार्यपालिका | प्रशासन शाखा | १५० | चौमासिक |
| १० | गुनासो ब्यवस्थापन बारे ३ दिने प्रशिक्षण | वडा समिति | २०७८ कार्तिक | योजना शाखा | सूचना शाखा | २०० | अर्धवार्षिक |

| क्र.स. | क्रियाकलाप | लक्षित वर्ग/क्षेत्र | समय | जिम्मेवारी | | बजेट रु (000) | अनुगमन |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यान्वयन | सहयोग | | |
| ११ | दीगो विकास लक्ष्यको स्थानीयकरण तालिम | कार्यपालिका | २०७८ असोज | योजना शाखा | सूचना शाखा | ३०० | चौमासिक |
| १२ | बालमैत्री स्थानीय शासन सम्वन्धी तालिम | वडा तह बाल क्लब | २०७८ फागुन | सामाजिक शाखा | वडा समिति | ३०० | चौमासिक |
| १३ | बाल क्लव, संजालको लागि क्षमता विकास तालिम | बाल क्लब, संजाल | २०७८ फागुन | सामाजिक शाखा | वडा समिति | २०० | चौमासिक |
| १४ | संघ, प्रदेश र स्थानीय तह बिच समन्वय बैठक, अन्तरकृया गोष्ठी | कार्यपालिका | २०७८ भदौ | कार्यपालिका | प्रसाशन शाखा | ३०० | चौमासिक |
| १५ | विषयगत समितिको लागि क्षमता विकास तालिम | विषयगत समिति | २०७८ चैत | सामाजिक शाखा | प्रसाशन शाखा | २०० | चौमासिक |
| १६ | नगरस्तरीय बहुसाझेदार मंच गठन तथा संचालन | कार्यपालिका | २०७८ साउन | सामाजिक शाखा | प्रसाशन शाखा | १०० | अर्धवार्षिक |
| १७ | नगरपालिका र बिकास साझेदरहरु बिच अन्तरकृया | कार्यपालिका | २०७८ असोज | सामाजिक शाखा | प्रसाशन शाखा | २०० | अर्धवार्षिक |
| | **(ख) मानव संसाधन विकास** | | | | | | |
| १ | स्थानीय शासन सम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन बारे २ दिने प्रशिक्षण | कार्यपालिका र वडा समिति | २०७८ चैत | कार्यपालिका | प्रशासन शाखा | २०० | अर्धवार्षिक |
| २ | नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे ३ दिने तालिम | कार्यपालिका सदस्य, कर्मचारी र वडा समिति | २०७८ माघ | योजना शाखा | सूचना शाखा | ३०० | अर्धवार्षिक |
| ३ | लैंगिक समानता र सामाजिक समावेशीकरण बारे ३ दिने प्रशिक्षण | कार्यपालिका सदस्य, कर्मचारी र वडा समिति | २०७८ माघ | सामाजिक शाखा | योजना शाखा | ३०० | अर्धवार्षिक |
| ४ | नेतृत्व सीप, टिम | जनप्रतिनिधि | २०७८/७९ | सामाजिक | सूचना | १५० | चौमासिक |

| क्र.स. | क्रियाकलाप | लक्षित वर्ग/क्षेत्र | समय | जिम्मेवारी | | बजेट रु (০০০) | अनुगमन |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यान्वयन | सहयोग | | |
| | विलड़िग, द्वन्द व्यवस्थापन बारे १ दिने अभिमुखीकरण | | | शाखा | शाखा | | |
| ५ | जनसम्पर्क तथा संवाद शैली र सूचना प्रबिधि बारे २ दिने प्रशिक्षण | कार्यपालिका र वडा समितिका पदाधिकारी | २०७८/७९ | सामाजिक शाखा | सूचना शाखा | २०० | चौमासिक |
| ६ | विषयगत समितिको सक्रियताको लागि २ दिने गोष्ठी | विषयगत समिति | | सामाजिक शाखा | योजना शाखा | २०० | चौमासिक |
| ७ | नगरपालिका भित्रका बिभिन्न बिषयगत समितिहरुलाई उनिहरुको औचित्य र जिम्मेवारी बारे ३ दिने प्रशिक्षण | विषयगत समिति | | सामाजिक शाखा | योजना शाखा | २०० | चौमासिक |
| ८ | कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणाली बारे २ दिने प्रशिक्षण | वडा सचिब, नगरपालिकाको प्रशासन र सूचना प्रबिधि शाखाका कर्मचारी | २०७९ बैशाख | प्रशासन शाखा | सूचना शाखा | ३०० | चौमासिक |
| ९ | लैंगिक समानता र सामाजिक समावेशीकरण बारे ३ दिने प्रशिक्षण | नगरपालिका कर्मचारी, वडा सचिव | २०७९ बैशाख | सामाजिक शाखा | योजना शाखा | ४०० | चौमासिक |
| १० | सूचना प्रबिधि, अभिलेख ब्यवस्थापन र तथा ज्ञान व्यवस्थापन बारे ३ दिने प्रशिक्षण | नगरपालिका कर्मचारी, वडा सचिव | २०७९ बैशाख | सूचना शाखा | योजना शाखा | ३०० | चौमासिक |
| ११ | सकारात्मक सोच बारे ३ दिने तालिम | नगरपालिका कर्मचारी, वडा सचिव | २०७९ जेठ | सामाजिक शाखा | प्रशासन शाखा | ४०० | चौमासिक |
| १२ | लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, | लेखा तथा राजश्व शाखा, | | लेखा शाखा | प्रशासन शाखा | ३०० | चौमासिक |

| क्र.स. | क्रियाकलाप | लक्षित वर्ग/क्षेत्र | समय | जिम्मेवारी | | बजेट रु (०००) | अनुगमन |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यान्वयन | सहयोग | | |
| | बेरूजु फछ्र्यौट बारे ३ दिने प्रशिक्षण | विषयगत शाखा र प्र.प्र.अ. | | | | | |
| १३ | सार्वजनिक खरीद व्यवस्थापन बारे ३ दिने तालिम | जिन्सी, लेखा हेर्ने कर्मचारी र प्र.प्र.अ. | २०७९ बैशाख | खरिद शाखा | प्रशासन शाखा | २०० | चौमासिक |
| १४ | अनुगमन, मूल्यांकन, प्रतिवेदन बारे ३ दिने प्रशिक्षण | अनुगमन समिति, कर्मचारी र वडा सचिब | २०७८ कार्तिक | योजना शाखा | सूचना शाखा | ३०० | चौमासिक |
| १५ | जनसम्पर्क तथा संवाद शैली र सूचना प्रबिधि बारे २ दिने प्रशिक्षण | नगरपालिकाका कर्मचारी र वडा सचिब | २०७९ बैशाख | प्रशासन शाखा | सूचना शाखा | २०० | चौमासिक |
| १६ | कम्प्युटर सफ्टवेर सम्बन्धि ७ दिने तालिम | वडा सचिव | २०७९ जेठ | सूचना शाखा | वडा समिति | ३५० | चौमासिक |
| १७ | ग्रमिण कृषि प्राबिधिक २१ दिने तालिम | वडा तह | २०७९ बैशाख | कृषि शाखा | सामाजिक शाखा | ५०० | चौमासिक |
| १८ | ग्रमिण पशु प्राविधि २१ दिने तालिम | वडा तह | २०७९ बैशाख | पशु शाखा | सामाजिक शाखा | ५०० | चौमासिक |
| १९ | कृषि तथा पशु बिमा सहजकर्ता तालिम ५ दिने तालिम | कृषक | २०७९ जेठ | कृषि शाखा | सामाजिक शाखा | २०० | चौमासिक |
| २० | पोषण र बाल स्वास्थ्य बारे थप २ दिने प्रशिक्षण | महिला स्वास्थ स्वयंसेविका | २०७८ पुष | स्वास्थ्य शाखा | सामाजिक शाखा | १५० | मासिक |